नेपाल सरकार

# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

खुमलटार, ललितपुर

प.स.:

च.नं.:

मिति : २०७९/०३/०३

## प्रेश विज्ञप्ति

आठौं चुरे दिवस २०७९ सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा भव्यताका साथ् सम्पन्न भएको छ । एकै दिनमा एक लाख विरुवा रोप्ने कार्यक्रमको सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूबाट दुधौली नगरपालिका वडा न. ३, सिन्धुलीको कमलामाई नदीको किनार, झुगामा अवस्थित विशाल सामुदायिक वनको खाली क्षेत्रमा वर र पिपलको विरुवा वृक्षारोपण गरी शुभारम्भ भएको थियो । उक्त अवसरमा वागमती प्रदेशका प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माज्यू, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री श्री रामसहाय प्रसाद यादवज्यू, बागमती प्रदेशका माननीय मुख्यमन्त्री श्री राजेन्द्रप्रसाद पाण्डेज्यू, प्रतिनिधि सभाका माननीय सदस्य श्री गणेशकुमार पहाडीज्यू, प्रदेश सभासद, वन तथा वातावरण मन्त्रालयका सचिव, नेपाली सेनाका वलाध्यक्ष, दुधौली नगरपालिका र कमलामाई नगरपालिका नगर प्रमुखज्यूहरु, स्थानीय जनप्रतिनिधी र विशाल सामुदायिक वनका उपभोक्ता समूहका सदस्य गरी एकहजार भन्दा बढी जनसमुदायको उपस्थिति थियो ।

उक्त वृक्षारोपण कार्यक्रमलाई सम्वोधन गर्दै सम्माननीय राष्ट्रपतिज्यूले "तराई र मधेशका जनतालाई विपदबाट बचाउने हो भने चुरे क्षेत्रमा रहेका वन, वनस्पति, वन्यजन्तु र पारिस्थितिकीय प्रणालीलाई उनीहरुको प्राकृतिक प्रक्रिया अनुसार स्वच्छ र स्वतन्त्र रुपमा बाच्न दिनुपर्ने हुन्छ, प्रकृति स्वच्छ भए मात्र हाम्रो जीवन सुरक्षित हुन्छ र प्रकृतिलाई हामीले संरक्षण गर्यौं भने मात्र प्रकृतिले हामीलाई संरक्षण गर्दछ" भन्ने तथ्यलाई हामी कसैले पनि विर्सनु हुदैन भन्दै चुरे संरक्षण गर्नका लागि समितिले थालेको वृक्षारोपणमा सक्रियतापुर्वक सहभागिताका लागि आवहान समेत गर्नु भयो ।

आठौ चुरे दिवसको कार्यक्रमलाई उच्च महत्त्व दिई हामीलाई उर्जा र उत्प्रेरणा बढाई दिनुभएकोमा सम्माननीय राष्ट्रपतिज्यू प्रति समिति परिवार हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यस समिति र नेपाली सेनाको श्री १ न. वन तथा पर्यावरण सुरक्षा गण रानीवास, सिन्धुलीको संयुक्त आयोजनामा गरिएको उक्त शुभारम्भ कार्यक्रममा विशाल सामुदायिक वनको १० हेक्टर क्षेत्रफलमा वर,पिपल,कपुर, तेजपत्ता, कटहर, लिची, बाँस लगायतका १६००० विरुवा रोपण गरिएको छ ।

त्यस्तै गरी आठौं चुरे दिवसको उपलक्ष्यमा यस समिति मातहत रहेका पांचवटा कार्यक्रम कार्यान्वयन इकाई अन्तर्गतका कार्यक्रम कार्यान्वयन इकाई सलकपुर अन्तर्गत भएको प्रमुख कार्यक्रममा प्रदेश न. १ को माननीय वन, वातावरण तथा भू-संरक्षण मन्त्री श्री शेखर चन्द्र थापा, जनकपुरमा भएको कार्यक्रममा मधेश प्रदेशका माननीय उद्योग ,पर्यटन तथा वन मन्त्रालय मन्त्री श्री शत्रुधन महतो, भरतपुरमा भएको कार्यक्रममा बागमती प्रदेशका माननीय श्रम रोजगार तथा यातायात मन्त्री श्री घनश्याम दाहाल, कपिलवस्तुमा भएको कार्यक्रममा लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री श्री कुलप्रसाद के.सी. र लम्की इकाई अन्तर्गत बाँकेमा भएको वृक्षारोपण कार्यक्रममा लुम्बिनी प्रदेशका माननीय वन, वातावरण तथा भू-संरक्षण मन्त्री श्री सुरेन्द्र बहादुर हमालले प्रमुख आतिथ्यता गरी वृक्षारोपण कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो ।

नेपाल सरकार

# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

खुमलटार, ललितपुर

प.स.:

च.नं.:

मिति : ..................

(२)

चुरे दिवसको अवसरमा एकै दिनमा एक लाख विरुवा वृक्षारोपण गर्ने भनिएकोमा यस समितिका पांचवटै कार्यक्रम कार्यान्वयन इकाईहरु, नेपाली सेना राष्ट्रिय निकुन्ज तथा पर्यावरण संरक्षण महानिर्देशनालय, वन तथा पर्यावरण सुरक्षा निर्देशनालय र कोशी वृहत जलाधार व्यवस्थापन कार्यालय उदयपुको सहयोगमा अर्जुनधारा-४ मा समेत गरि विभिन्न स्थानमा वन जन्य प्रजाति, फलफुल प्रजाति, बाँस, अम्रिसो लगायतका विभिन्न प्रजातिहरु गरि करिब दुई लाख विरुवा वृक्षारोपण भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि यो प्रेश विज्ञप्ति प्रकाशित गरिएको छ। हाम्रो यस अभियानमा अपेक्षा गरिएको भन्दा बढी वृक्षारोपण गरिदिनु भई हाम्रो अभियानमा एक्यबद्धता जनाई सक्रिय सहभागि भईदिनु भएकोमा सम्पूर्ण सहभागीहरु प्रति यस समिति हार्दिक आभार व्यक्त गर्दछ।

चुरे संरक्षण क्षेत्र जलवायुजन्य विपदको दृस्टीकोणले अतिनै संवेदनशिल क्षेत्र हो। यस क्षेत्रको माथिल्लोतटीय क्षेत्रका खाली क्षेत्र, क्षतिग्रस्त क्षेत्र र विभिन्न नदीउकास क्षेत्रमा बहुउपयोगी प्रजातिका विरुवा वृक्षारोपण गरी त्यहाँको पारिस्थितिकीय प्रणालीलाई अक्षुण राख्ने र पानीको पुनर्भरण मार्फत तराई र मधेशमा बस्ने जनसमुदायको जीवनलाई जीवन्त राख्ने यस समितिको पवित्र उद्देश्य रहेकोले आठौं चुरे दिवसको अवसरमा वृक्षारोपण कार्यक्रमलाई एउटा अभियानको रुपमा अगाडि सारिएको हो। यस कार्यक्रमलाई सफल पार्न सहयोग गर्ने वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, रक्षा मन्त्रालय र नेपाली सेना परिवार विशेष गरी श्री १ वन तथा पर्यावरण सुरक्षा गण, रानीबास, सिन्धुलीलाई यस समिति विशेष धन्यवाद र बधाई समेत दिन चाहन्छ।

यस पटकको वृक्षारोपणलाई समितिले विगतको तुलनामा १) सकेसम्म ठूलो क्षेत्रफलमा वृक्षारोपण गर्ने, २) सुरक्षाको प्रत्याभूतिको लागि सकेसम्म तारवार गरेर मात्र वृक्षारोपण गर्ने, ३) जनताको जीवनस्तरलाई ख्याल गरेर सकेसम्म वनजन्य र फलफुलजन्य (Forests and Fruits Forestry) विरुवालाई प्रवर्द्धन गर्ने नीति लिएको छ। रोपेका विरुवाको संरक्षण गर्न सबैतिरवाट जुन चासो र चिन्ता व्यक्त भएको छ, त्यसमा हाम्रो समिति सजक छ, र रोपेका विरुवाको संरक्षण र रेखदेखको लागि सक्दो प्रयास गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छ।

आठौं चुरे दिवसमा जस्तै आउदा दिनमा पनि चुरे संरक्षणको लागि सबैको सहयोग र सद्भभाव प्राप्त हुने छ भन्ने समितिको पूर्ण विश्वास छ। पुनःएकपटक यस समितिलाई हौसला प्रदान गरिदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छ। त्यसै गरी हामीलाई प्रत्यक्ष र परोक्ष रुपमा मार्गदर्शन गर्नुहुने वन तथा वातावरण मन्त्रालय परिवार, नेपाली सेना परिवार, विशाल सामुदायिक वन उपभोक्ता समूह परिवार, दुधौली नगरपालिका र कमलामाई नगरपालिकाका परिवार, सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी र सम्पूर्ण कर्मचारी परिवार, स्थानीय समुदाय र पत्रकारज्यूहरु प्रति समिति हार्दिक धन्यवाद दिन चाहन्छ।

२०८१/३/२

शरद बाबु पगेनी

प्रवक्ता

राष्ट्रपति चुरे तराई मदेश संरक्षणविकास समिति